प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
प्रदेश नं.–१
विराटनगर, नेपाल

# प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि
२०७५

# प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५

स्वीकृति मिति २०७५/०७/१४ गत

प्रदेश सरकारको आ.व. २०७५।०७६ बजेट कार्यक्रम र आगामी वर्षहरुमा हुने कार्यक्रम अनुसार प्रदेश भित्र स्वयंसेवक परिचालन तथा स्वयंसेवाको प्रवर्द्धन कार्यलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट प्रदेशको सेवा प्रवाह तथा विकास निर्माणमा योगदान पुऱ्याउन प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. परिभाषाः

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "कार्यविधि" भन्नाले प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले प्रदेश विकास स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालन/कार्यान्वयन सम्बन्धी निर्णयहरु गर्न गठित समिति सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले स्वयंसेवा तथा प्रदेश विकास स्वयंसेवक सेवा सम्बन्धी नीतिगत मार्गदर्शन गर्न गठित समिति सम्झनु पर्छ।

(घ) " प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(ङ) " प्राविधिक सहयोग" भन्नाले स्वयंसेवक परिचालन गरिने सरकारी, सामुदायिक, सहकारी, संघ-संस्था जस्ता निकायहरुबाट सम्पादन गरिने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यबाट खटाइएका जनशक्ति सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्वयंसेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यवसायिक/संगठित रुपले सञ्चालन भैरहेका स्वयंसेवी कृयाकलापहरु सम्झनु पर्छ।

(ज) "स्वयंसेवक" भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई स्वयंसेवक कृयाकलापमा संलग्न हुने व्यक्तिलाई सम्झनुपर्दछ र सो शब्दले यस कार्यविधि अनुरुप परिचालन गरिने स्वयंसेवक समेत सम्झनु पर्छ।

(झ) "सार्वजनिक सेवा" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहले सार्वजनिक रुपमा उपभोग गर्ने गरी व्यवस्था गरेका सेवाहरु सम्झनु पर्छ।

"संघ–संस्थाहरु" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहका सम्बन्धित निकायमा दर्ता भएका सामाजिक विकास संस्थाहरु सम्फनु पर्छ।

स्थानिय तह" भन्नाले नेपालको संविधान बमोजिम गठित स्थानिय तहहरु सम्फनु पर्छ।

शैक्षिक निकायहरु" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान दिने विद्यालय/विश्व विद्यालयहरु सम्फनु पर्छ।

## परिच्छेद–२

## स्वयंमसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

वयंमसेवक परिचालनका उद्देश्य तथा आधारहरु :

प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा दक्ष व्यक्तिहरुलाई अल्प समयको रोजगारी दिने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने, लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदायस्तरबाटै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ।

प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत देहायबमोजिमका विषयक्षेत्रहरुसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिनेछ :–

स्वास्थ्य, शिक्षा, पुस्तकालय, संग्रहालय, बाल, जेष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा,

कृषि सेवा, पशु सेवा, वन र जडिबुटी,

वातावरण संरक्षण, प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन,

उद्यमशिलताको विकास, इन्जिनियरिङ तथा अन्य प्राविधिक क्षेत्रहरु,

आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन,

कार्यकारी समितिले तोकेका अन्य क्षेत्रहरु।

प्रदेश विकास स्वयंसेवक सेवाबाट स्वयंसेवक परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ :–

प्रदेशको प्रशासनिक संगठनबाट आवश्यक मात्रामा जनतालाई प्राविधिक वा अप्राविधिक वा सेवा पुऱ्याउन नसकिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

जनताको जीवनस्तर उकास्नका लागि सरकारी स्तरबाट समेत लगानी भई वा नभई उत्पादन क्षेत्रमा कार्यरत सहकारी, संघ-संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,



(ग) प्रदेश, स्थानिय तह वा समुदायद्वारा सामाजिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(घ) स्वयंसेवक परिचालन गर्दा भूगोल, दुर्गमता तथा मानव विकास सूचकाङ्कको आधारमा पिछडिएका क्षेत्रहरुलाई प्राथमिकता दिने,

(ङ) समावेशी सिद्धान्त अवलम्बन गर्ने।

(४) स्वयंसेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहायबमोजिम रहनेछन्

(क) संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरु,

(ख) सहकारी, सामुदायिक तथा सामाजिक विकास संघ-संस्थाहरु,

(ग) शैक्षिक निकायहरु,

(घ) विकास साफेदार/अन्तराष्ट्रिय संघ-संस्थाहरु।

(५) प्रदेश सरकारका निकाय र संघ-संस्थाअन्तर्गत देहायबमोजिम स्वयंसेवक परिचालन गरिनेछ :–

(क) स्वयंसेवक नियुक्त गरी प्रदेश सरकारको निकाय, जिल्ला समन्वय समितिको कार्यालय, गाउँपालिका, नगरपालिका वा अन्तर्गत खटाइनेछ,

(ख) सहकार्य गर्न इच्छुक प्रदेश विकास स्वयंसेवक सेवामा सूचीकृत संघ-संस्थाको स्थानिय तहको सहमति सहित माग एवं सिफारिसको आधारमा स्वयंसेवक परिचालन हुनेछ,

(ग) राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि २०७४ बमोजिम कार्यरत स्वयंसेवकको संस्था सूचीकृत भएको मानिनेछ।

(६) स्वयंसेवक परिचालन गर्ने निकायहरुले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछ :–

(क) खटिई आएका स्वयंसेवकहरुलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवकहरुको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने,

(ग) स्वयंसेवकहरुले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु सरल र सहज रुपमा उपलब्ध गराउने,

(घ) खटिई आएका स्वयंसेवकहरुलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलब्ध अवसरहरुमा सहभागी गराउने,

(ङ) स्वयंमसेवकहरुका पीरमर्का/गुनासो सम्बोधन गर्ने।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

र्देशक समितिको गठन :

स्वयंसेवा र स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहने छ :–

| | |
|---|---|
| प्रदेश विकास स्वयंसेवक हेर्ने मन्त्रालयको मन्त्री, | अध्यक्ष |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| मन्त्रालयका सम्बन्धित् महाशाखाका उप-सचिव | सदस्य-सचिव |

निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विभिन्न मन्त्रालय, आयोग तथा निकायका प्रतिनिधि र विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

निर्देशक समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुनेछः–

अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,।

निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,।

निर्देशक समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ।

र्देशक समितिको काम, कर्तव्य र अधिकारः

स्वयंसेवाको समग्र विकास र प्रवर्द्धनका लागि सहजीकरण गर्ने सम्बन्धमा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

स्वयंसेवा सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने,

स्वयंसेवकहरुको दरबन्दी र स्वयंसेवकलाई दिइने सुविधाहरु निर्धारण गर्ने,

स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने श्रोतको व्यवस्था गर्ने,

कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने।

ार्यकारी समितिको गठनः (१) प्रदेश विकास स्वयंसेवक सेवाको कार्यक्रम ञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय बमोजिमको कार्यकारी मिति रहने छ :–

| | |
|---|---|
| मन्त्रालयका सचिव, | अध्यक्ष |
| उप-सचिव, (प्रतिनिधि) आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| मन्त्रालयका उपसचिव शिक्षा महाशाखा हेर्ने १ जना | सदस्य |
| मन्त्रालयका उपसचिव प्रशासन महाशाखा हेर्ने १ जना | सदस्य |
| मन्त्रालयका उपसचिव स्वास्थ्य सेवा महाशाखा १ जना | सदस्य |
| मन्त्रालयका उपसचिव युवा तथा खेलकुद महाशाखा १ जना | सदस्य सचिव |



(२) कार्यकारी समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुनेछः–

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,।

(ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,।

(ग) कार्यकारी समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ।

कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :

(१) स्वयंसेवक व्यवस्थापन कार्यलाई सहजीकरण गर्ने सम्बन्धमा कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) स्वयंसेवक परिचालनको विषयक्षेत्रहरुको निर्धारण र स्वयंसेवक परिचालनको मोडालिटी तयार गर्ने,

(ख) स्वयंसेवा परिचालनको क्षेत्रगत पद तथा सङ्ख्या निर्धारण र निर्देशक समितिबाट स्वीकृत कूल दरबन्दी भित्र रही दरबन्दीको वितरण र बाँडफाँड गर्ने,

(ग) स्वयंसेवक परिचालन हुने निकाय/कार्यालयहरुको निर्धारण गर्ने,

(घ) स्वयंसेवकहरुको कार्यशर्त निर्धारण गर्ने,

(ङ) स्वयंसेवक भर्ना, छनौट, सूचीकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने,

(च) स्वयंसेवकको नियुक्तिको लागि छनौट सूची स्वीकृत गर्ने,

(छ) स्वयंसेवकहरुको कार्यावधि निर्धारण र म्यादथप सम्बन्धी निर्णय गर्ने,

(ज) स्वयंसेवकलाई दिइने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने,

(झ) स्वयंसेवक परिचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने।

८. प्रदेश विकास स्वयंसेवक सेवाको कार्यालय र कार्यक्षेत्र :

(१) सामाजिक विकास मन्त्रालयको यूवा तथा खेलकुद हेर्ने महाशाखामा प्रदेश विकास स्वयंसेवक सेवा कार्यालय रहनेछ। जसमा बढीमा ५ जना प्रदेश सरकारका कर्मचारीहरु वा सेवा करार मार्फत् जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

(२) स्वयंसेवक परिचालन एवं स्वयंसेवाको प्रवर्द्धन गर्ने सन्दर्भमा प्रदेश विकास स्वयंसेवक सेवाका कार्य क्षेत्र देहाय बमोजिम रहनेछ :–

(क) स्वयंसेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ख) स्वयंसेवाको प्रवर्द्धनको लागि सहकार्य र सञ्जालीकरण तथा सूचना व्यवस्थापन गर्ने,

(ग) स्वयंसेवा र समसामयिक विषयमा कार्यकारी समितिको स्वीकृती लिई अध्ययन-अनुसन्धान गर्ने,

(घ) प्रदेश विकास स्वयंसेवक सेवाले प्रदेशमा स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथ संघ-संस्थाहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्नेछ।

(३) प्रदेश विकास स्वयंसेवक सेवाले स्वयंसेवक परिचालन/ स्वयंसेवाको प्रवर्द्धन कार्यका लागि समान कार्यप्रकृति भएका संघ-संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ।

(घ) सम्बन्धित निकायलाई नियुक्ति पत्रको बोधार्थ र छुट्टै स्वयंसेवक खटाइएको पत्र पठाइने छ।

(ङ) जिल्लाको स्वयंसेवक संयोजकलाई परिचालन सम्बन्धमा छुट्टै सूचना दिइने छ।

(च) नियुक्तिका मितिले १५ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा अर्को उम्मेदवार नियुक्त गरिनेछ।

(छ) एक कार्यावधि पूरा गरिसकेका स्वयंसेवकहरुको पुनः नियुक्ति गरिने छैन।

(ज) कार्यावधि पूरा नभई सेवा छाडेका र पुनः नियुक्ति हुन चाहेमा बाँकी अवधिको लागि मात्र नियुक्त गरिनेछ।

(झ) नियुक्त भई न्युनतम ६ महिना काम गरे पश्चात् मात्र अनुभवको प्रमाणपत्र दिइनेछ।

१६. स्वयंसेवकहरुको पदस्थापन:

(१) प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवकहरुको पदस्थापन देहाय बमोजिम हुनेछ।

(क) प्रदेश विकास स्वयंसेवक सेवाबाट छनौट भई खटिने स्वयंसेवकहरुलाई कार्यकारी समिति र सम्बन्धित स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा रहेका विषय क्षेत्रगत सेवा केन्द्रहरु तोकी पदस्थापन गर्नेछ,

(ख) पदस्थापन पश्चात् स्वयंसेवकहरु सम्बन्धित निकाय/कार्यालय/सेवा केन्द्रमा हाजिर हुन जानुपर्ने छ,

(ग) स्वयंसेवकहरुले नियुक्तिपत्र बुझेको मितिले ७ दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने छ।

७. स्वयंसेवकहरुको अवकाश:

) कार्यकारी समितिले स्वयंसेवकहरुलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछ :–

) दुई वर्षको कार्य अवधि पूरा भएमा,

) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,

सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

खराब आचरण प्रदर्शन गरेमा,

खटिएको कार्यालयले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा।



## परिच्छेद-५
## सेवा शर्त र सुविधाहरु

१८. स्वयंसेवकहरुको सेवा शर्त:

(१) स्वयंसेवकको अधिकतम सेवा अवधि दुइ वर्षको हुनेछ।

(२) कार्यकारी समितिले कार्य प्रकृतिका आधारमा उपदफा (१) को अवधिमा नबढ्ने गरी निश्चित अवधिका लागि नियुक्त गर्न र म्याद थप गर्न सक्नेछ।

१९. स्वयंसेवकहरुलाई दिइने सुविधा:

(१) स्वयंसेवकलाई निर्देशक समितिले समय-समयमा निर्धारण गरेका अनुसूची ३ बमोजिम मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

(२) स्वयंसेवकहरुका लागि अनुसूची २ बमोजिमका कार्य शर्तहरु रहनेछन्। विषयगत कार्यप्रकृतिको आधारमा कार्यकारी समितिले स्वयंसेवकहरुको कार्यशर्त तोक्नेछ।

(३) यस बमोजिम नियुक्त स्वयंसेवकहरुको मासिक निर्वाह भत्ता लगायतका सुविधा मन्त्रालयबाट निज कार्यरत स्थानीय तह वा प्रदेश मातहातको निकायमा अख्तियारी मार्फत पठाइनेछ।

(४) दफा १५(२) बमोजिम नियुक्त स्वयंसेवकहरुको मासिक निर्वाह भत्ता लगायतको सुविधा प्रदेश विकास स्वयंसेवक सेवाबाट सम्बन्धित स्थानीय तह वा अन्य निकाय मार्फत संस्थालाई भुक्तानी गरिनेछ।

२०. स्वयंसेवकको लागि विदाको व्यवस्था:

(१) स्वयंसेवकहरुलाई देहाय बमोजिमका विदाहरुको सुविधा रहनेछ :–

(क) घर विदा : रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिन।

(ख) बिरामी विदा : रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन।

(ग) प्रसुति विदा : सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन (महिला स्वयंसेवकको हकमा मात्र) प्रसुति विदा दिइनेछ।

तर यो सुविधा २ वर्षको अवधिमा १ पटक मात्र दिइनेछ।

(घ) किरिया विदा : आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन।

(ङ) बे-निर्वाह भत्ता विदा : स्वयंसेवकले कुनै कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालिन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक-पटक गरी बढीमा ३० दिन सम्म।

(२) विदाको स्वीकृति : स्वयंसेवकहरुको अन्य विदाको स्वीकृति सम्बन्धित कार्यरत संस्थाको प्रमुख र बे-निर्वाह भत्ता बिदाको स्वीकृति सम्बन्धित संस्थाको सिफारिसमा कार्यकारी समितिको अध्यक्षबाट हुनेछ।

(३) स्वयंसेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा दिइने छैन।

(४) एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ।

## परिच्छेद-६
## विविध

स्वयंसेवकहरुको आचरण:

प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकहरुको कार्य एव
जिम्मेवारीलाई मर्यादित एवं परिणाममुखि बनाउने उद्देश्यले स्वयंसेवकले अनिवार्य
रुपमा पालना गर्नुपर्ने आचरणहरु देहायबमोजिम रहने छन् :–

इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

सार्वजनिक र अन्य निकायहरुको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,

सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल् पुऱ्याउने काम गर्न नहुने,

दलगत आस्था र सम्वद्धता राख्न नहुने,

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको विद्यमान नीतिको प्रतिकूल हुनेगरी
व्यवहार नगर्ने ।

निःशुल्क स्वयंसेवा:

देश विकास स्वयंसेवक सेवाले निःशुल्क स्वयंसेवा गर्न चाहने व्यक्ति/संघ-
संस्थाहरुलाई आशयपत्र लिई खटाउन सक्ने छ ।

शेष परिस्थितिमा स्वयंसेवकको परिचालन:

कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकहरुको
माग भइ आएमा कार्यकारी समितिले रोष्टरमा रहेका सम्वन्धित विषयका
आवेदकमध्येबाट बढीमा तीन महिनासम्मका लागि स्वयंसेवकहरु नियुक्ती गर्न
सक्नेछ ।

उपदफा (१) बमोजिमको परिस्थितिमा स्वीकृत वार्षिक बजेट भित्र रही निर्देशक
समितिको स्वीकृतिमा कूल दरबन्दीमा थप समेत हुनेगरी कार्यकारी समितिले
स्वयंसेवक नियुक्ति गर्न सक्नेछ ।

अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:

स्वयंसेवक परिचालक निकाय तथा स्वयंसेवकहरुको अनुगमन तथा प्रतिवेदन
सम्बन्धी व्यवस्था देहायबमोजिम रहनेछ :–

स्वयंसेवकहरुले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक परिचालन गर्ने निकायहरुबाट
गरिनेछ,



(ख) सम्बन्धित निकायबाट स्वयंसेवकहरुले गरेका कार्यको अनुगमन भए/ नभएको विषयमा कार्यकारी समितिले आवश्यकता अनुरुप स्वयम् वा तेस्रो पक्ष संलग्न गराई स्थलगत अनुगमन गर्नेछ,

(ग) स्वयंसेवक परिचालन गर्ने निकायहरुबाट चौमासिक रुपमा अनुगमन प्रतिवेदन प्रदेश विकास स्वयंसेवक सेवामा पठाउनु पर्नेछ,

(घ) प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकले पेश गरेको प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा कार्यकारी समितिले स्वयंसेवकहरुको वार्षिक कार्य प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२५. संशोधन सम्बन्धी व्यवस्था:

(१) यस कार्यविधिमा व्यवस्था गरिएका प्रावधानहरु संशोधन गर्नु परेमा कार्यकारी समितिको सिफारिसमा निर्देशक समितिले गर्नेछ ।
तर प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने प्रावधानको संशोधन गर्नु परेमा सरकारले गर्नेछ ।

२६. बाधा अड्काउ फुकाउन सक्ने :

यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय लिन सक्नेछ ।

२७. खारेजी र बचाउ :

(१) यो कार्यविधि लागू हुनु भन्दा पूर्व प्रदेशमा भए गरेका कार्यहरु यसै कार्यविधि अनुरुप भए/गरेको मानिनेछ ।

(२) राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ बमोजिम नियुक्त भई प्रदेशबाट परिचालन र व्यवस्थापन भएका स्वयंसेवकहरु यसै निर्देशिका बमोजिम भएका मानिनेछन र निजहरुको सुविधा संघिय सरकारबाट प्राप्त अनुदान बमोजिम हुनेछ ।

## अनुसूची १
### हालको दरबन्दी संरचना

| सि.न. | जिल्ला वर्गीकरण | दरबन्दी |
|---|---|---|
| | क वर्ग | |
| १ | सोलुखुम्बु | २० |
| २ | भोजपुर | २० |
| ३ | खोटाङ | २० |
| | ख वर्ग | |
| ४ | ताप्लेजुङ | १७ |
| ५ | संखुवासभा | १७ |
| ६ | तेह्रथुम | १७ |
| ७ | ओखलढुंगा | १७ |
| | ग वर्ग | |
| ८ | पाँचथर | १३ |
| ९ | धनकुटा | १३ |
| १० | उदयपुर | १३ |
| | घ वर्ग | |
| ११ | इलाम | १२ |
| १२ | झापा | १९ |
| १३ | मोरङ | २० |
| १४ | सुनसरी | १९ |
| | जिल्लागत तर्फको जम्मा दरबन्दी | |
| | संघ-संस्था तर्फको जम्मा दरबन्दी | |
| | कूल जम्मा दरबन्दी | २३७ |



## अनुसूची २
### स्वयंसेवकका कार्यशर्तहरु

१. जनस्वास्थ्य तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य वा स्वास्थ्य सम्बन्धी काम गर्ने कार्यालयको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य/स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाले तोकेको स्वास्थ्य सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाँउघर क्लिनिक, महामारीको प्रतिरोध लगायत सरकारद्वारा संचालित स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,
- आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- प्रदेश विकास स्वयंसेवक सेवाले जिल्लागत रुपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वाथ्य कार्यालय/स्वास्थ्य सम्बन्धी काम गर्ने निकाय, स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक प्रदेश विकास स्वयंसेवक सेवाले वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

२. पशु सेवा तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला पशु सेवा कार्यालय वा सो सम्बन्धी कार्य गर्ने निकाय वा स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला पशु सेवा कार्यालय वा प्रदेश विकास स्वयंसेवक सेवाले तोकेको पशु स्वास्थ्य सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा पशु स्वास्थ्य सिविर, घुम्ती पशु स्वास्थ्य सेवा, पशु महामारीको प्रतिरोध लगायत सरकारद्वारा संचालित पशु स्वास्थ्य सम्बन्धी राष्ट्रिय अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,
- आफुले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसंग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- प्रदेश विकास स्वयंसेवक सेवाले जिल्लागत रुपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला पशु सेवा कार्यलय, पशु सेवा सम्बन्धी काम गर्ने निकाय, स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक प्रदेश विकास स्वयंसेवक सेवा वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।



३. कृषि विकास तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, कृषि सम्वन्धी कार्य गर्ने निकाय वा स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, कृषि सम्बन्धी कार्य गर्ने निकाय वा स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाले तोकेको कृषि सम्बन्धी निकाय/सेवा केन्द्रमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,
- स्थानीय स्तरमा कृषि मेला/प्रदर्शनी, बिउ, बिषादी, मिनी किट वितरण कार्यक्रम, तरकारी/पोषण तालिम, भकारो/गोठ सुधार, कृषक समूह गठन/पुनर्गठन जस्ता कार्यक्रमहरुमा संलगन भई कार्य गर्नुपर्ने छ,
- आफुले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वास्थ्य/सरसफाइ, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- प्रदेश विकास स्वयंसेवक सेवाले जिल्लागत रुपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, सेवा सम्बन्धी काम गर्ने निकाय, स्थानिय तह वा प्रदेश विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुँदैन,
- यसमा तोकिएको बाहेक प्रदेश विकास स्वयंसेवक सेवा वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

४. सार्वजनिक निर्माण तर्फका स्वयंसेवकको कार्यशर्त

- स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,
- प्रदेश विकास स्वयंसेवक सेवाले तोके अनुसारको सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयको वा स्थानीय तहको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय, स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाले तोकेको सार्वजनिक निर्माण सम्बन्धी निकाय/परियोजना स्थलमा रही सम्बन्धित कार्यालयको कार्य ढाँचा अनुसार कार्य सम्पादन गर्नुपर्ने छ,
- स्थानीय स्तरमा विपद्बाट क्षति भएका भौतिक संरचनाहरुको कारणले सिर्जित अवस्थामा नागरिकहरुको दैनिक जन-जीवनमा सहजीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने छ,
- आफुले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,
- स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,
- स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,
- समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिवृद्धि गर्न सक्रिय हुनुपर्ने छ
- प्रदेश विकास स्वयंसेवक सेवा अन्तर्गत जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,
- प्रदेश विकास स्वयंसेवक सेवाले जिल्लागत रुपमा तोकेको स्वयंसेवक संयोजकको प्रत्यक्ष समन्वय र सम्पर्कमा रही कार्य गर्नुपर्ने छ,
- सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय, कार्यरत स्थानीय तह वा प्रदेश विकास स्वयंसेवक सेवाको पूर्व स्वीकृति बेगर आफ्नो कार्यक्षेत्र छोड्नु हुदैन,
- यसमा तोकिएको बाहेक प्रदेश विकास स्वयंसेवक सेवा वा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।



५. स्वयंसेवक संयोजकको कार्यशर्त

- स्वयंसेवकहरुको कार्य सम्पादनसँग सम्बन्धित तथ्याङ्क/अभिलेख अध्यावधिक रुपमा राख्ने,
- जिल्लामा कार्यरत अन्य स्वयंसेवकहरुको कार्यको फिल्ड स्तरमा समन्वय गर्ने र पृष्ठपोषण लिने,
- जिल्लामा कार्यरत सम्पूर्ण स्वयंसेवकहरुद्वारा भए गरेका कार्यहरुको प्रगति विवरण संकलन गरी चौमासिक रुपमा खटिएको कार्यालय र राष्ट्रिय विकास स्वयंसेवक सेवामा पठाउने,
- स्वयंसेवकहरुलाई आवश्यक पर्ने प्रशासनिक कार्यमा सहजीकरण गर्ने,
- स्वयंसेवक परिचालन सम्बन्धमा जिल्लास्तरमा कुनै समस्या पर्न गएमा तत्काल आफू कार्यरत कार्यालय प्रमुख र प्रदेश विकास स्वयंसेवक सेवामा जानकारी गराउने,
- जिल्लाको विकास निर्माण तथा सेवा प्रवाहको अवस्था र कार्य प्रगतिको मासिक रुपमा प्रदेश विकास स्वयंसेवक सेवामा प्रतिवेदन पेश गर्ने,
- प्रदेश विकास स्वयंसेवक सेवाद्वारा संयोजकका लागि उपलब्ध गराइएको संयोजक ब्याग/फोल्डर तथा अन्य सूचनाहरु सुरक्षित एवं व्यवस्थित रुपमा राख्ने र आफू जिम्मेवारी मुक्त भएपछि यथोचित हस्तान्तरण गर्ने,
- प्रदेश विकास स्वयंसेवक सेवाले समय-समयमा निर्देशन गरेका अन्य आवश्यक कार्यहरु गर्ने।

## अनुसूची ३
## स्वयंसेवकको निर्वाह भत्ता

| सि. नं. | स्वयंसेवकको योग्यता | जिल्लाको वर्गीकरण | | | |
|---|---|---|---|---|---|
| | | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
| १ | स्नातकोत्तर उत्तीर्ण (प्राविधिक) | २१,००० | २०,४०० | १९,८०० | १९,२०० |
| २ | स्नातकोत्तर उत्तीर्ण (अप्राविधिक) | २१,००० | २०,४०० | १९,८०० | १९,२०० |
| ३ | स्नतक तह उत्तीर्ण (प्राविधिक) | २०,४०० | १९,८०० | १९,२०० | १८,६०० |
| ४ | स्नतक तह उत्तीर्ण (अप्राविधिक) | १९,२०० | १८,६०० | १८,००० | १७,४०० |
| ५ | प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण (प्राविधिक) | १६,८०० | १६,२०० | १५,६०० | १५,००० |
| ६ | प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण (अप्राविधिक) | १६,२०० | १५,६०० | १५,००० | १४,४०० |
| ७ | प्रवेशिका परीक्षा उत्तीर्ण (प्राविधिक) | १५,६०० | १५,००० | १४,४०० | १३,८०० |
| ८ | प्रवेशिका परीक्षा उत्तीर्ण (अप्राविधिक) | १५,००० | १४,४०० | १३,८०० | १३,२०० |

- ६ महिना भन्दा बढी काम गरेका स्वयंसेवकले वर्षमा १ पटक चाडपर्व खर्च वापत रु ६००० पाउनेछन् ।
- महिला स्वयंसेवकको हकमा सेवा अवधि भित्र सुत्केरी भएमा शिशु स्याहार भत्ता वापत रु ५००० दिइने छ ।
- जिल्ला संयोजकलाई यातायात तथा सञ्चारका लागि मासिक रु ३००० उपलब्ध हुनेछ ।

"क" वर्गमा पर्ने जिल्लाहरु :– सोलुखुम्बु, खोटाङ र भोजपुर गरी ३ जिल्ला ।
"ख" वर्गमा पर्ने जिल्लाहरु :– ताप्लेजुङ, संखुवासभा, तेह्रथुम र ओखलढुङ्गा गरी ४ जिल्ला ।
"ग" वर्गमा पर्ने जिल्लाहरु :– पाँचथर, धनकुटा र उदयपुर गरी ३ जिल्ला ।
"घ" वर्गमा पर्ने जिल्लाहरु :– इलाम, झापा, मोरङ र सुनसरी गरी ४ जिल्ला ।